बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प. सं. २०७८/०७९ (भूमि स्थानीय सेवा केन्द्र) प्रदेश नं. १, नेपाल

च.नं. ६२९ मिति: २०७८।११।०७

**विषय: वडा स्तरीय सहजीकरण समिति पुनर्गठन गर्ने सम्बन्धमा**

श्री वडा कार्यालयहरु सबै
बेलका न.पा. उदयपुर

प्रस्तुत बिषयमा यस बेलका नगरपालिका नगर स्तरीय सहजीकरण समितिको मिति २०७८।१०।२६ गते राष्ट्रिय भूमि आयोग जिल्ला समिति उदयपुरका जिल्ला अध्यक्ष ज्यूको समेत उपस्थितिमा बैठक बसी तत्कालिन भूमि सम्बन्धी समस्या समाधान आयोग अन्तर्गत बेलका नगरपालिकाका सम्पूर्ण ९ वटै वडाहरूमा गठित वडा स्तरीय भूमि सम्बन्धी सहजीकरण समितिलाई हालको "राष्ट्रिय भूमि आयोग भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन सम्बन्धी कार्यविधि २०७८" को दफा ४ को उपदफा २ बमोजिम तपशिल बमोजिमको सम्पूर्ण ९ वटै वडाहरुमा वडा स्तरीय सहजीकरण समिति पुनर्गठन गर्न सबै वडाहरुलाई पत्राचार गर्ने भनी निर्णय भए बमोजिम देहाय बमोजिमको वडा स्तरीय सहजीकरण समिति निर्माण गरी सो को जानकारी गराई दिनु हुन साथै यसै साथ संलग्न ढाँचामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको फाराम भर्न छुटेका व्यक्तिहरुलाई आयोगको सूचना बमोजिम फाराम संकलन गर्न वडागत रुपमा सूचना प्रचारप्रसार समेत गरी दिनु हुन अनुरोध छ।

तपशिल

क) अध्यक्षः वडा अध्यक्ष

ख) सदस्यः वडा सदस्यहरु

बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प. सं. २०७८/०७९ (भूमि स्थानीय सेवा केन्द्र)    प्रदेश नं. १, नेपाल

च.नं.

ग) सदस्यः सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएका एक/एक जना प्रतिनिधि

घ) सदस्यः सम्बन्धित वडामा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी वडा स्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधी ( कम्तीमा एक महिला र एक दलित सहित ३ जना)

ङ) सदस्य सचिवः वडा सचिव

..............................

चेतनाथ गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७८। ।

**विषय : भूमिहीन दलित / भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापन हुन निवेदन दिन छुट भएकाहरुलाई पुनः निवेदन दिने सम्बन्धी सूचना ।**

उपर्युक्त सम्बन्धमा राष्ट्रिय भूमि आयोग ताहाचल काठमाडौंबाट मिति २०७८ साल पौष २५ गते गोरखापत्र दैनिकमा प्रकाशन गरेको सूचना अनुसार यसै बेलका नगरपालिका वडा नं. .... मा पनि भूमिहीन दलित / भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापनका लागि यस पूर्व प्रकाशित सूचना बमोजिम फाराम भर्न छुटेका व्यक्तिहरूले मिति २०७८ माघ १८ गते देखि लागू हुने गरी ३५ दिनभित्र तोकेको ढाँचामा यस वडा कार्यालयमा आवश्यक कागजात सहित निवेदन दिनुहुन सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

आवश्यक कागजात

घरमुली पति, पत्नीको फोटो एक एक प्रति

घरमुली पति, पत्नीको नागरिकताको फोटोकपी

एक परिवार भित्रका नागरिकता बनी सकेका सबै सदस्यको नागरिकताको फोटोकपी

नम्बरी जग्गा हुनेको हकमा पुर्जाको फोटोकपी

मतदाता परिचय पत्रको फोटोकपी

..............................

वडा अध्यक्ष

:45 PM

gorkhapatr-896050765.png (993×1667)

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैतिस (३५) दिने सूचना

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायका स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०७८ माघ १८ गतेदेखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नुहुन र आफूले आबाद कमोत गरेको जग्गाको नाप नक्सा सम्बन्धित नापी टोली खटिए पश्चात गराउन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**दृष्टव्य:** यस अघि निवेदन दिइसकेकाहरूले निस्सा लिन र जग्गा नाप जाँच चेकजाँच गराउन सम्पर्क गर्नु हुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | इलाम | माई नगरपालिका |
| २ | | सुर्योदय नगरपालिका |
| ३ | | रोङ गाउँपालिका |
| ४ | झापा | कन्काई नगरपालिका |
| ५ | | बुद्धशान्ति गाउँपालिका |
| ६ | मोरङ | कानेपोखरी गाउँपालिका |
| ७ | | पथरी शनिश्चरे नगरपालिका |
| ८ | | बुढीगङ्गा गाउँपालिका |
| ९ | | सुन्दरहरैचा नगरपालिका |
| १० | | उर्लाबारी नगरपालिका |
| ११ | | रतुवामाई नगरपालिका |
| १२ | सुनसरी | बराहक्षेत्र नगरपालिका |
| १३ | उदयपुर | बेलका नगरपालिका |
| १४ | | चौदण्डीगढी नगरपालिका |
| १५ | | त्रियुगा नगरपालिका |
| १६ | | कटारी नगरपालिका |
| १७ | सप्तरी | अग्नीसाइर कृष्णसवरन गाउँपालिका |
| १८ | | तिलाठी कोइलाडी गाउँपालिका |
| १९ | सिराहा | धनगढीमाई नगरपालिका |
| २० | | मिर्चैया नगरपालिका |
| २१ | महोत्तरी | बर्दिबास नगरपालिका |
| २२ | | सोनमा गाउँपालिका |
| २३ | सर्लाही | बागमती नगरपालिका |
| २४ | | कविलासी नगरपालिका |
| २५ | बारा | निजगढ नगरपालिका |
| २६ | | पचरौता नगरपालिका |
| २७ | रौतहट | गरुडा नगरपालिका |
| २८ | | यमुनामाई गाउँपालिका |
| २९ | | गुजरा नगरपालिका |
| ३० | पर्सा | वीरगन्ज महानगरपालिका |
| ३१ | सिन्धुली | कमलामाई नगरपालिका |
| ३२ | | हरिहरपुरगढी गाउँपालिका |
| ३३ | मकवानपुर | बागमती गाउँपालिका |
| ३४ | | हेटौडा उप-महानगरपालिका |
| ३५ | | बकैया गाउँपालिका |
| ३६ | चितवन | भरतपुर महानगरपालिका |
| ३७ | | माडी नगरपालिका |
| ३८ | | कालिका नगरपालिका |
| ३९ | तनहुँ | शुक्लागण्डकी नगरपालिका |
| ४० | नवलपरासी पूर्व | हुप्सेकोट गाउँपालिका |
| ४१ | | मध्यबिन्दु नगरपालिका |
| ४२ | नवलपरासी पश्चिम | सुनवल नगरपालिका |
| ४३ | रुपन्देही | देवदह नगरपालिका |
| ४४ | कपिलवस्तु | बाणगङ्गा नगरपालिका |
| ४५ | दाङ | लमही नगरपालिका |
| ४६ | | बबई गाउँपालिका |
| ४७ | | घोराही उप-महानगरपालिका |
| ४८ | | तुल्सीपुर उप-महानगरपालिका |
| ४९ | | दङ्गीशरण गाउँपालिका |
| ५० | बाँके | कोहलपुर नगरपालिका |
| ५१ | | राप्ती सोनारी गाउँपालिका |
| ५२ | बर्दिया | राजापुर नगरपालिका |
| ५३ | | बारबर्दिया नगरपालिका |
| ५४ | सुर्खेत | चौकुने गाउँपालिका |
| ५५ | | गुर्भाकोट नगरपालिका |
| ५६ | | भेरीगङ्गा नगरपालिका |
| ५७ | कैलाली | धनगढी उप-महानगरपालिका |
| ५८ | | गोदावरी नगरपालिका |
| ५९ | | भजनी नगरपालिका |
| ६० | | कैलारी गाउँपालिका |
| ६१ | | लम्किचुहा नगरपालिका |
| ६२ | कञ्चनपुर | बेलौरी नगरपालिका |
| ६३ | | कृष्णपुर नगरपालिका |
| ६४ | | दोधारा चाँदनी नगरपालिका |
| ६५ | | बेदकोट नगरपालिका |
| ६६ | डडेल्धुरा | आलिताल गाउँपालिका |
| ६७ | | गन्यापधुरा गाउँपालिका |
| ६८ | | अजयमेरु गाउँपालिका |

nlc.gov.np/storage/uploads/gorkhapatr-896050765.png